रोल्पा नगरपालिका
Rolpa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
लिबाङ, रोल्पा
Libang, Rolpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province , Nepal

प/.सं.FY :- २०८१/०८२
च/.नं.Ref. NO :9206

मिति/Date :- २०८१/१०/२२
नेपाल सम्वत .११४५

श्री वडा कार्यालय (सबै)

**विषयः आवश्यक कागजात तया प्रमाण पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालयको च.नं. ३२४ मिति २०८१/१०/०९ को पत्रको छायाँप्रति थान २ यसै साथ संलग्न छ। अभौतिक सास्कृतिक सम्पदा ( सूचिकरण तथा व्यवस्थापन) कार्यविधि २०८१ को दफा ९ बमोजिम अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्न चाहने व्यक्ति, समुदाय वा संस्थाहरुले संस्कृतिक, पर्यटन तथा नागरिक उडडयन मन्त्रालयको मिति २०८१/१०/०६ गते प्रकाशित सूचनामा उल्लेखित व्यहोराका कागजात तथा प्रमाण संलग्न गरी मिति २०८२ वैशाख मसान्त भित्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति महाँशाखामा आवेदन पेश गर्न सहजिकरण गरिदिनु हुन अनुरोध छ।

.................................
(भीष्म कुमार मल्ल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. +977-166-086-44555 Ph. +977-086-440071, Ph. +977-086440372
http:-rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com

CamScanner

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-

च.नं.

मिति: २०८१/१०/०६

ने.सं: ११४५ पोहेलाग, ५ आइतबार

## अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्नका लागि आवेदन आव्हान सम्बन्धी सूचना।

अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा ९ बमोजिम अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्न चाहने व्यक्ति, समुदाय वा संस्थाले देहायका कागजात तथा प्रमाण संलग्न गरी यस मन्त्रालयको संस्कृति महाशाखामा २०८२ वैशाख मसान्तभित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। उपर्युक्तानुसारको कार्यविधि तथा अनुसूची फारमहरु मन्त्रालयको वेबसाईट https://www.tourism.gov.np बाट डाउनलोड गर्न सकिनेछ। रितपूर्वक पहिले प्राप्त हुन आएका आवेदनलाई प्राथमिकता दिई सूचीकरण प्रक्रियामा लगिने व्यहोरासमेत अनुरोध छ।

**आवश्यक कागजात तथा प्रमाणहरु:**

(क) कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा आवेदन,

(ख) अनुसूची २ बमोजिमको सम्पदाको विवरण सूची,

(ग) अनुसूची ४ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति, समूह वा समुदायको सहमति,

(घ) अनुसूची ३ बमोजिमको फोटो, अडियो तथा भिडियो,

(ङ) हालसम्मको पुस्तान्तरण सम्बन्धी आवश्यक विवरण,

(च) सम्बन्धित स्थानीय तहको सिफारिस,

(छ) स्थानीय तहमा सूचीकरण भएको भए सोको प्रमाण।

२०८१/१०/०६

(उपसचिव)

संस्कृति महाशाखा

विस्तृत जानकारीका लागि QR Code Scan गर्नुहुन अनुरोध छ।

फोन नं. ४२११८७५, ४२११८७०, ४२११६२० | इमेल: info@tourism.gov.np | वेबसाइट:www.tourism.gov.np

Scanned with CamScanner

CamScanner

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं, नेपाल

(संस्कृति महाशाखा)

३३४

मिति: २०८१/१०/०९

ने.सं: ११४५ पोहेलागा, ८ बुधवार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार।

विषय:- <u>सहजीकरण सम्बन्धमा।</u>

यस मन्त्रालयको वेवसाइटमा प्रकाशित "अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्नका लागि आवेदन आव्हान सम्बन्धी सूचना" पाना एक यसै साथ संलग्न छ। उक्त सूचना सबै स्थानीय तहलाई उपलब्ध गराई दिने सहजीकरणका लागि यस मन्त्रालय (सचिवस्तर) को मिति २०८१/१०/०६ को निर्णयानुसार अनुरोध गर्दछु।

२०८१/१०/०९

(सुभद्रा शर्मा गौतम)

शाखा अधिकृत

विस्तृत जानकारीका लागि QR Code Scan गर्नुहुन अनुरोध छ।

श्री दिपेश जी / प्रकाश जी

पत्राचार गर्नु।